नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
चरिकोट, दोलखा

फोन ०४९-४२११३३
०४९-४२११०४
फ्याक्स नं ०४९-४२१०१८
इमेल:dolakhadao@gmail.com

पत्र संख्या : ०८०/०८१
चलानी नं.:

मिति: २०८०/११/१३
ने.स.११४४ सल्लाध्व १३ आइतबार

**विषय :सरकारी वा सार्वजनिक जग्गा अतिक्रमणको सूचना वा प्रमाण उपलब्ध गराउने सम्बन्धी जरुरी सूचना ।**

यस दोलखा जिल्लामा कसैको निजी हक दर्ता भोगचलनमा रहेको बाहेकको सरकारी वा सार्वजनिक स्वामित्वमा रहेको ऐलानी,सन्धिसर्पण,गौचरण,घाट आदी जग्गाहरु कानून विपरित कसैले आफ्नो नाममा दर्ता गरेको वा खास उदेश्य वा प्रयोजनका लागि कुनै संस्थाको भोगचलन वा नियन्त्रणमा रहने गरी सुम्पेको वा जिम्मा दिएका सार्वजनिक र सरकारी जग्गाहरु बलजफ्ती अतिक्रमण वा कब्जा गरी निजी रुपमा दर्ता गरेको,दाखेल खारेज वा चलन चलाई हक हस्तान्तरण गरेको,लामो समयसम्म नियन्त्रण बाहिर रहने गरी लिजमा दिएको वा उदेश्य विपरित निजी कायम गरी गराई दुरुपयोग गरेको ,सरकारी वा सार्वजनिक जग्गा दुरुपयोग गरी दर्ता स्रेस्ता कायम गर्ने गरी निर्णय गरेको र सो को आधारमा दाखिल खारेज गरेको वा हक स्वामित्व कायम गरेको वा त्यसरी कायम भएको स्वामितवबाट बिक्री वितरण गरेको,समय तोकी वा नतोकी भोगाधिकार सृजना गरेको,धितो बन्धक राखेको आदी जुनसुकै प्रकारको गैह्र कानूनी काम कारवाही सम्बन्धी आफुसँग भएको सूचना वा प्रमाणको विवरण १० दिन भित्र यस कार्यालयमा सोझै वा इमेल मार्फत (dolakhadao@gmail.com) उपलब्ध गराइ दिनुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

टुवराज पोखेल
प्रमुख जिल्ला अधिकारी